

# ४ विरोधीहरूको सामना

***यस अध्यायका मूल पदहरू:*** एज्रा ४:१-५, २ कोरन्थी ६:१४, एज्रा ५:१-५, हग्गै १, एज्रा ४:६-२४, नेहमिया ४ र नेहमिया ६:१-१३।

***यस अध्यायको मूल सार पद:*** **"तर यहूदी धर्म-गुरुहरूमाथि परमेश्वरको निगाह भएकोले दारा राजाकहाँ खबर पुगेर त्यसको जवाफमा राजकीय-पत्र नपाउञ्जेल काम गरिरहनबाट तिनीहरूलाई कसैले रोक्न सकेन।" (एज्रा ५:५)।**

बिषयबस्तुलाई राम्रोसँग सजाएर एज्रा ३-६मा लेखिएकोछ। विभिन्न ऐतिहासिक कालमा बिरोधीहरूको सामना र मन्दिरको पुननिर्माणलाई समेटेर यी अध्यायहरू लेखिएका हुन्। यदि ती विषयबस्तुहरूलाई हामीले बुझेर पढ्न सक्यौं भने एज्राको सन्देश के थियो सो हामी स्पष्टरूपमा बुझ्न सक्छौं।

एज्राको नाउँ प्रथम पटक एज्रा ७:१मा उल्लेख गरिएको छ। जब उनी ई.पू. ४५७मा यरुशलेममा आइपुगे तब त्यहाँको वातावरणमा परिवर्तन आएको थियो। यरुशलेम सहरको पर्खालहरू पुननिर्माण गर्न सुरू भएको थियो। राजा आर्तसास्तले नेहमियालाई ई.पू. ४४४मा यरुशलेममा पठाइएपछि पुननिर्माण हुन बाँकी पर्खालको पुन:निर्माण सुरू भएको थियो। उक्त निर्माण कार्यमा नेहमिया र उनका सहयोगीहरूले धेरै बिरोधको सामना गर्नुपरेको थियो। तैपनि ५२ दिनभित्र पर्खालहरूको निर्माण पूर्ण रूपमा सम्पन्न भएको थियो (एज्रा ६:१५)।

परमेश्वरको काममा कतिको बाधा आउँदो रहेछ भन्ने विषयबस्तु समेटेर एज्रा र नेहमियाका पुस्तकहरू लेखिएका हुन्। जब यरुशलेम र मन्दिरको पुननिर्माण भएको थियो तब विरोधीहरूले निर्माणकर्ताहरूलाई सताएका थिए। आजको संसारमा पनि जहाँ जहाँ परमेश्वरको काम गरिन्छ त्यहाँ त्यहाँ काममा बाधा आउँदा अनौठो मान्नु हुँदैन। सुसमाचार छिटो नफैलियोस् भन्ने चाहना शैतानको हो। किनभने यो संसारको शासक शैतान हो

र येशूको सुसमाचार प्रचार गर्नु भनेको उसको राज्यलाई धम्क्याउनु हो। यहूदीहरूले बिरोधीहरूको सामना कसरी गरे भनेर एज्रा र नेहमियाको पुस्तकमा हामी हेर्नेछौं।

## १. बिरोध सुरू हुन्छ

**जब यरुशलेमको मन्दिरको पुननिर्माण सुरू हुन्छ तब निर्वासनबाट आएका बाँकी इस्राएलीहरू सबै मिलेर काममा एकजुट भएर काम गरेका थिए। त्यसबेला अरू अयहूदी मानिसहरू तिनीहरूलाई सघाउँछौ भनेर अघि सरेका थिए। तर ती इस्राएलीहरूले तिनीहरूको मद्दतलाई अस्वीकार गरे। किन होला? हेर्नुहोस् एज्रा ४:१-५ "१ कैदबाट फर्केर आएकाहरूले परमप्रभु इस्राएलका परमेश्‍वरको मन्दिर बनाउँदैछन् भन्ने कुरा जब यहूदा र बेन्यामीनका शत्रुहरूले सुने, २ उनीहरू यरुबाबेल, येशूअ, र परिवारका मुख्य मानिसहरूकहाँ आएर यसो भने, "हामीलाई पनि तपाईंसँग भवन निर्माण गर्न दिनुहोस्, किनभने हामी पनि तपाईंहरूझैं तपाईंहरूका परमेश्‍वरको खोजी गर्दछौं, र हामीलाई यहाँ ल्याउने अश्शूरका राजा एसरहदोनको पालोदेखि नै हामी उहाँलाई नै बलिदान चढ़ाउँदैआएका छौं।" ३ तर यरुबाबेल, येशूअ, र इस्राएलका बाँकी रहेका परिवारका मुखियाहरूले उनीहरूलाई यसो भने, "यो भवन, जो हामी हाम्रा परमेश्‍वरको निम्ति निर्माण गरिरहेका छौं, त्यसमा तिमीहरूको केही सम्बन्ध छैन। फारसका महाराजा कोरेसले हामीलाई आज्ञा गर्नुभएझैं हाम्रा परमप्रभु इस्राएलका परमेश्‍वरको निम्ति यो भवन हामी मात्र निर्माण गर्नेछौं।" ४ तब त्यस देशका मानिसहरूले यहूदीहरूको मन निराश गराउन र त्यो भवन निर्माण गर्ने काम बिथोल्न त्रास हाल्ने काम सुरु गरे। ५ तिनीहरूको अभिप्रायलाई नाश गर्न उनीहरूले तिनीहरूको विरुद्धमा काम गर्न सल्लाहकारहरूलाई भाड़ामा लिए। फारसका राजा कोरेसको शासनकालभरि र दाराको शासनकालसम्म यस्तो काम चली नै रह्यो।"**

बाहिर हेर्दा ती शत्रुहरूको अनुरोध अत्यन्तै दयालु र छिमेकीले गर्ने कर्तव्य जस्तै देखिएको थियो, त्यसकारण तिनीहरूको त्यो अनुरोध इस्राएलका मूखियाहरूले किन ठाडै अस्वीकार गरे? त्यसको जवाफ यहि पदमा पाइन्छ। शत्रुहरू वा विरोधीहरूले सहायता गर्न आए। शत्रु वा विरोधीहरू भन्ने शब्दले नै इस्राएलीहरूको प्रतिक्रियाको प्रवाभकारी सन्देश दिदछ।

"शत्रु वा विरोधीहरू" भनेर ती मानिसहरूलाई किन भनियो त? ती मानिसहरूले सामरिया र छिमेकी क्षेत्रका मानिसहरूलाई ल्याएका थिए भनेर २ राजा १७:२४-४१मा **उल्लेख गरिएको छ**। उत्तर इस्राएलको राज्यका

मानिसहरूलाई देशबाट युद्धबन्दी बनाएर लगिएपछि त्यो देश करिब करिब खाली भएको थियो। असेरियाका राजाले त्यहाँ इस्राएलका परमेश्वरको आराधना गर्न सिकाउन पुजारीहरू पठाएका थिए। तर तिनीहरू कनान देशमा रहेका देवीदेविताहरूको मूर्तिलाई मान्ने धर्मलाई पनि परमेश्वरको आराधना गर्ने संस्कारमा घुसाए। त्यसकारण ती शत्रुहरूले परमेश्वरको मन्दिरमा प्रदुषित धर्म नभित्र्याइऊन् भनेर निर्वासनबाट फर्केर आउने इस्राएलीहरूले तिनीहरूको अनुरोधलाई अस्वीकार गरेका थिए। त्यसकारण, "तपाईंहरूको मद्दत चाहिँदैन, "धन्यवाद" भनेर तिनीहरूलाई फर्काएर नै ती इस्राएली मूखियाहरूले बुद्धिमानी काम गरेका थिए।

इस्राएलमा परमेश्वर र अन्य धर्म मिसाएर किन पूजा आजा गरियो भन्ने कुरा हामीले थाहा पाउनुपर्छ। तिनीहरूका पूर्खाहरूले नै निरन्तररूपमा आफ्ना छिमेक वरिपरि रहेका मूर्तिपुजा गर्ने धर्महरूसँग सम्झौता गरेका थिए। त्यसले गर्दा परमेश्वरको मन्दिर ध्वस्त बन्न पुगेको थियो र ती इस्राएलीहरू निर्वासनमा जानुपरेको थियो। त्यसकारण परमेश्वरको मन्दिर बनाउन सहयोग गर्ने निहुँमा तिनीहरू र तिनका धर्मसँग सम्झौता गर्नुपर्ने कुरा ती इस्राएली मूखियाहरूले थाहा पाएका थिए जुन तिनीहरू गर्द चाहन्दैनथे।

इस्राएलका ती मूखियाहरूले शत्रुहरूको देखावटी सहायतालाई अस्वीकार गर्नु नै ठिक थियो **भनेर एज्रा ४:४,५ले कसरी खुलाउँदछ? हेर्नुहोस्, "४ तब त्यस देशका मानिसहरूले यहूदीहरूको मन निराश गराउन र त्यो भवन निर्माण गर्ने काम बिथोल्न त्रास हाल्ने काम सुरु गरे। ५ तिनीहरूको अभिप्रायलाई नाश गर्न उनीहरूले तिनीहरूको विरुद्धमा काम गर्न सल्लाहकारहरूलाई भाड़ामा लिए। फारसका राजा कोरेसको शासनकालभरि र दाराको शासनकालसम्म यस्तो काम चली नै रह्यो।"**

**यदि ती इस्राएली मूखियाहरूले शत्रुहरूको सहायता ठिक थियो भनेर सजिलैसँग स्वीकार गर्न किन सक्थे? यस मामिलामा २ कोरन्थी ६:१४-१८ले के भन्दछ? हेर्नुहोस्, "१४ अविश्वासीहरूसँग एउटै जुवामा ननारिओ। किनकि धर्म र अधर्मको के साझेदारी हुन्छ? अथवा अँध्यारोसँग उज्यालोको के सहभागिता? १५ ख्रीष्टको बेलिआलसँग के सरोकार? वा विश्वास गर्नेको विश्वास नगर्नेसित के समानता? १६ मूर्तिहरूसँग परमेश्वरको मन्दिरको के सम्झौता? किनभने हामी जीवित परमेश्वरका मन्दिर हौं, जसरी परमेश्वरले भन्नुभएको छ, "म तिनीहरूमा वास गर्नेछु, र तिनीहरूका बीचमा हिँड्डुल गर्नेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, अनि तिनीहरू मेरा प्रजा हुनेछन्" १७ "यसकारण**

**तिनीहरूका बीचबाट निस्केर आओ, र तिनीहरूबाट तिमीहरू अलग होओ, परमप्रभु भन्नुहुन्छ। अशुद्ध कुरा केही नछोओ, र म तिमीहरूलाई ग्रहण गर्नेछु। १८ म तिमीहरूका पिता हुनेछु, र तिमीहरू मेरा छोरा-छोरीहरू हुनेछौ, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।"**

## २. अगमवक्ताहरू साहस दिन्छन्

एज्रा र अरू यहूदीहरूले मन्दिरको पुनःनिर्माण गर्ने काम सुरू गर्दा छिमेकी राष्ट्रका मानिसहरूले घोर बिरोध गरेका थिए जसले गर्दा तिनीहरू भयभीत भएका थिए र निर्माणको कामलाई निरन्तरता दिन तिनीहरूले अस्वीकार गरेका थिए। त्यो दुर्भाग्यपूर्ण विवरण एज्रा ४देखि ६ अध्यायमा उल्लेख गरिएको छ।

पहिले भनिए जस्तै एज्रा ४:६-६:२२ क्रमवद्धमा लेखिएको थिएन। त्यसकारण अध्याय ४तिर हामीले ध्यान दिनुभन्दा पहिले ५ अध्यायतिर ध्यान दिनेछौं।

**परमेश्वरले यहूदीहरूलाई हग्गै र जकरिया अगमवक्ताहरू किन पठाउनुभयो? तिनीहरूले भविष्यवाणी बोल्दा त्यसको नतिजा के भयो? हेर्नुहोस्, एज्रा ५:१-५ "१ हाग्गै अगमवक्ता र इद्दोको वंशका जकरिया अगमवक्ताले यहूदा र यरूशलेममा भएका यहूदीहरूलाई तिनीहरूमाथि प्रभुत्व गर्नुहुने इस्राएलका परमेश्वरको नाउँमा अगमवाणी बोले। २ तब शालतिएलका छोरा यरुबाबेल र योसादाकका छोरा येशूअले यरूशलेममा परमेश्वरका भवनको पुनर्निर्माण गर्न थाले। र परमेश्वरका अगमवक्ताहरूले पनि तिनीहरूका साथ दिएर तिनीहरूलाई सघाए। ३ यूफ्रेटिस पारिको प्रान्तका राज्यपाल तत्तनै, शत्तर-बोज्नै र उनीहरूका सहयोगीहरूले तुरुन्तै तिनीहरूकहाँ आएर सोधे, "यस मन्दिरको पुनर्निर्माण र पुनर्स्थापना गर्न तिमीहरूलाई कसले अधिकार दियो?" ४ उनीहरूले तिनीहरूसँग त्यस निर्माणको लागि काममा लाग्ने मानिसहरूका नाउँ पनि मागे। ५ तर यहूदी धर्म-गुरुहरूमाथि परमेश्वरको निगाह भएकोले दारा राजाकहाँ खबर पुगेर त्यसको जवाफमा राजकीय-पत्र नपाउञ्जेल काम गरिरहनबाट तिनीहरूलाई कसैले रोक्न सकेन।"**

डरले गर्दा यहूदीहरूले काम रोकेका थिए। आफ्नो योजना मुताविक परमेश्वरले यहूदीहरूलाई सहर र मन्दिरको पुननिर्माण गर्न पठाउनुभएको थियो। तर विरोधीहरूको धम्कीपछि तिनीहरू आतङ्कित भए र आफ्नो काम रोके। तिनीहरूलाई उत्साह दिन परमेश्वरले हस्तक्षेप गर्नुपरेको थियो। त्यसकारण उहाँले दुई जना अगमवक्ताहरूलाई यरुशलेमममा जान अह्राउनुभयो

ताकि तिनीहरूले यहूदीहरूलाई उत्साह दिऊन्। यदि परमेश्वर आफैले कुनै काम गर्न खटाउनुहुन्छ भने मानवीय धम्की र आतङ्कले त्यो काम रोकिदैन। यहूदीहरू आफैले काम रोकेर विरोधीहरूको धम्कीलाई हात बाँधेर सुने तापनि परमेश्वरले तिनीहरूलाई त्यसै छोड्नुभएन। यरुशलेम मन्दिरको पुनर्निर्माण गर्न उहाँले अगमवक्ताहरूलाई पठाएर प्रेरणा दिनुभयो जसले गर्दा तिनीहरू काममा फेरि लाग्न अग्रसर भए।

**हग्गै १ पढ्नुहोस्। ती यहूदीहरूको निम्ति के सन्देश हग्गैरले दिएका थिए? त्यसबाट हामी हाम्रै निम्ति के पाठ सिक्न सक्छौं? हेर्नुहोस्, "१ दारा राजाको दोस्रो वर्षको छैटौं महिनाको पहिलो दिन परमप्रभुको यो वचन हाग्गै अगमवक्ताद्वारा शालतिएलका छोरा यहूदाका राज्यपाल यरुबाबेलकहाँ र यहोसादाकका छोरा प्रधान पूजाहारी यहोशूकहाँ आयो। २ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "यी मानिसहरू भन्छन्, "परमप्रभुको मन्दिर निर्माण गर्ने समय अझ आएको छैन"। ३ तब परमप्रभुको यो वचन हाग्गै अगमवक्ताद्वारा आयोः ४ "यो मन्दिर भग्नावशेष भइरहेको देखेर पनि के तिमीहरू आफूचाहिँ बुट्टादार काठले सजाइएका घरहरूमा बस्ने समय यो हो र? ५ अब सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "तिमीहरू आफ्ना-आफ्ना चालको होशियारीसाथ विचार गर। ६ तिमीहरूले छर्न त धेरै नै छरेका छौ, तर थोरै मात्र कटनी गरेका छौ। तिमीहरू खान त खान्छौ, तर अघाउँदैनौ। तिमीहरू पिउन त पिउँछौ, तर तिमीहरूको तिर्खा मर्दैन। तिमीहरू लुगा त लगाउँछौ, तर न्यानो हुँदैनौ। तिमीहरू काम गरेर ज्याला कमाउँछौ, तर प्वाल परेको थैलीमा राख्छौ।" ७ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "तिमीहरूका आफ्ना-आफ्ना चालको होशियारीसाथ विचार गर। ८ डाँड़ा-डाँड़ा उक्लेर काठपात ल्याओ र भवन बनाओ, र म त्यसमा खुशी हुन सकूँ र मेरो मान होस्," परमप्रभु भन्नुहुन्छ। ९ "तिमीहरूले धेरै आशा गऱ्यौ, तर हेर, थोरै मात्र हुन आयो। तिमीहरूले घरमा जे ल्यायौ, त्यो मैले फुकेर उड़ाइदिएँ। किन त? " सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "किनभने मेरो भवनचाहिँ भग्नावशेष भएको छ, तर तिमीहरू भने हरेक आफ्नो घरमा व्यस्त छौ। १० यसकारण आकाशले शीत पर्न र पृथ्वीले अन्न उब्जन रोकिदिएको छ। ११ मैले खेतहरू र डाँड़ाहरू, अन्न र नयाँ दाखमद्य, तेल र जमिनले उब्जाउने जति सबैमा, मानिसहरूमा, पाल्तुपशुहरूमा र तिमीहरूका हातका सबै परिश्रमहरूमा अनिकाललाई बोलाएको छु।" १२ तब परमप्रभु आफ्ना परमेश्वरले तिनलाई पठाउनुभएको कारणले, शालतिएलका छोरा यरुबाबेल, यहोसादाकका छोरा प्रधान पूजाहारी यहोशू र बाँकी रहेका प्रजासमेतले**

**परमप्रभु आफ्ना परमेश्वरको आवाज र हाग्गै अगमवक्ताको कुरा पालन गरे। अनि मानिसहरूले परमप्रभुको डर माने। १३ तब परमप्रभुका समाचारवाहक हाग्गैले प्रजालाई परमप्रभुको यो समाचार सुनाएः "म तिमीहरूसँगै छु" भनी परमप्रभु भन्नुहुन्छ। १४ यसकारण परमप्रभुले शालतिएलका छोरा यहूदाका राज्यपाल यरुबाबेल र यहोसादाकका छोरा प्रधान पूजाहारी यहोशू र बाँकी रहेका प्रजाका आत्मालाई उत्तेजित पार्नुभयो। तिनीहरू आएर सर्वशक्तिमान् परमप्रभु आफ्ना परमेश्वरको मन्दिरमा काम गर्न सुरु गरे। १५ दारा राजाको दोस्रो वर्षको छैटौं महिनाको चौबीसौं दिनमा तिनीहरूले काम सुरु गरे।**

"सङ्कटसँग मुकाविला गर्न अगमवक्ता हाग्गै र जकरियालाई परमेश्वरले उठाउनुभएको थियो। परमेश्वरले नियुक्त गर्नुभएका ती सन्देशवाहकहरूले परमेश्वरबाट दिमागै हल्लाउने र मनै सिरिङ्ग हुने सन्देशहरू सुनाएका थिए। ती यहूदीहरूको समस्या के थियो भनेर त्यसको भन्डाफोर ती अगमवक्ताहरूले गरेका थिए। परमेश्वरको काम गर्दा केही फाइदा नहुने देखिएकोले नै त्यो काम रोकिएको थियो भनेर अगमवक्ताहरूले बताए। परमेश्वरलाई प्राथमिकता दिँदा अफूलाई केहि भौतिक लाभ हुँदैन भनेर नै तिनीहरूले परमेश्वरको मन्दिर बनाउने काममा वास्ता गर्न छोडेका थिए। यदि ती यहूदीहरूले परमेश्वरको आदर गरेका भए, परमेश्वरलाई दिइने सम्मान र शिष्टता दिएको भए र उहाँको मन्दिर बनाउने कामलाई तिनीहरूले प्राथमिकता दिएको भए तिनीहरूले उहाँको उपस्थितिलाई निम्त्याउथे र तिनीहरूले उहाँको आशिषको उपभोग गर्न सक्थे।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्स्,* पृ. ५७३, ५७४बाट रूपान्तरित।

## ३. पुननिर्माणको काम किन रोकिएको थियो?

**यरुशलेमको पुननिर्माणको काम रोक्न शत्रुहरूले कस्तो कदम चालेका थिए? हेर्नुहोस्, एज्रा ४:६-२४ "६ अहासूरसका राजत्वकालको सुरुमा त्यस देशका मानिसहरूले यहूदा र यरूशलेमका बासिन्दाहरूका विरुद्धमा एउटा अभियोग-पत्र लेखेर पठाए। ७ फारसका राजा अर्तासास्तको पालोमा विश्लाम, मित्रेता, ताबेल, र तिनका सबै सहयोगीहरूले उनलाई एउटा चिठ्ठी लेखे। त्यो चिठ्ठी आरमेइक अक्षर र आरमेइक भाषामा लेखिएको थियो। ८ सेनापति रेहूम र सचिव शिम्शैले यरूशलेमको विरुद्धमा तलका विवरण दिएर अर्तासास्तलाई एउटा चिठ्ठी लेखेः ९ "सेनापति रेहूम, सचिव शिम्शै र उनीहरूसँग काम गर्ने सबै सहयोगीहरू, अर्थात् त्रीपोलीस, फारस, एरेक र बेबिलोनका मानिसहरूमाथि अधिकार गर्ने न्यायाधीशहरू र हाकिमहरू, तथा शूशनका एलामीहरू, १० एवम्**

अरू मानिसहरू, जसलाई महान् र प्रसिद्ध अशूरवनिपलले देशनिकाला गरेर
सामरियाको सहर र यूफ्रेटिस नदीको पारिको प्रान्तमा बसालेका थिए।" ११
(उनीहरूले पठाएको चिट्ठीको नकल यही थियो।) "अर्तासास्त महाराजाकहाँ
हजूरका दास, यूफ्रेटिस पारिका मानिसहरूबाटः १२ "महाराजालाई यो कुरो
जाहेर होस् कि हजूरलाई छोड़ेर यस ठाउँमा आएका यहूदीहरू यरूशलेममा
आइपुगेर त्यस दुष्ट र बागी सहरको पुनर्निर्माण गरिरहेका छन्। तिनीहरूले
त्यसको जग मरम्मत गरी त्यसको पर्खाल सिद्ध्याउनै लागेका छन्। १३
"महाराजालाई यो कुरो पनि थाहा होस् कि तिनीहरूका सहरको पुनर्निर्माण भयो
र त्यसको पर्खाल सिद्ध्याइयो भने तिनीहरूले राजकर, आयकर, अथवा महसूल
तिर्नेछैनन्, अनि आखिरमा राजसत्तामा हानि ल्याइनेछ। १४ हामीले राजाको
निमक खाएका हुनाले र राजाको अपमान भएको हेर्न हामीलाई उचित
नलागेकोले, महाराजालाई यो कुरो जनाउनलाई हामी यो सन्देश पठाइरहेका छौं,
कि हजूरका पूर्वजहरूका अभिलेखहरूको तलाश गरिबक्सिओस्। १५
अभिलेखहरूमा खोजे हजूरलाई यो कुरो थाहा लाग्नेछ, कि यो सहर एउटा बागी
सहर हो, र राजसत्ता र प्रान्तहरूमाथि हानि पुऱ्याउने यो सहर प्राचीन कालदेखि
नै राजद्रोही भएको हो। त्यसैकारण यो उजाड़ पारिएको थियो। १६
महाराजाकहाँ हामी यही जाहेर गर्न चाहन्छौं कि यदि यस सहरको पुनर्निर्माण
भयो र यसको पर्खाल सिद्ध्याइयो भने त्यसको परिणाम यही हुनेछ, कि यूफ्रेटिस
पारिको प्रान्तमा हजूरको केही अधिकार रहनेछैन।" १७ राजाले यस्तो जवाफ
पठाएः "सेनापति रेहूम, सचिव शिम्शै र सामरिया र यूफ्रेटिस पारिको प्रान्तमा
बस्ने तिनीहरूका सबै बाँकी सहयोगीहरूलाई अभिवादन। १८ "तिमीहरूले
मलाई पठाएको पत्र मेरो सामु पढ़ियो र अनुवाद गरियो। १९ मैले हुकुम गरें,
र खोजतलाश गरियो। अनि यो पाइयो कि त्यस सहरले राजसत्ताको विरुद्धमा
गरेको राजद्रोहको एउटा लामो इतिहास रहेछ र विद्रोह र राजद्रोह त्यहाँ चली नै
आएको रहेछ। २० यूफ्रेटिस पारिको सारा प्रान्तमाथि आफ्नो अधिकार जमाएर
शक्तिशाली राजाहरूले यरूशलेममाथि शासन गरेका छन्, अनि मानिसहरूले
राजकर, आयकर र महसूल तिनीहरूलाई तिर्ने गरेका रहेछन्। २१ यसकारण
यी मानिसलाई काम रोक्नैपर्छ भनी आदेश जारी गर। त्यस विषयमा मबाट उर्दी
नआउञ्जेल त्यस सहरको पुनर्निर्माण नहोस्। २२ यस विषयमा तिमीहरूले
आफ्नो कर्तव्यको अवहेलना नगर। यो खतरालाई राजकीय हितको विरुद्ध किन
बढ्न दिने।" २३ राजा अर्तासास्तको पत्रको विषयमा सेनापति रेहूम, सचिव
शिम्शै र उनीहरूका सहयोगीहरूका सामुन्ने पढ़िसक्ने बित्तिकै उनीहरू

**यरूशलेममा गए, र यहूदीहरूलाई जबरदस्तसाथ काम रोक्न लगाए। २४ यसरी यरूशलेममा परमप्रभुका भवनको काम रोकियो। फारसका राजा दाराको राजत्वकालको दोस्रो वर्षसम्मै त्यो काम रोकियो।"**

"देशका जनताले" यहूदीहरूको विरुद्धमा दोष दिँदै राजालई पत्र लेखे। पहिले तिनीहरूले दारा जारालाई (एज्रा ५,६), अनि राजा अहिसोरस र राजा आर्तासास्तालाई तिनीहरूको कामप्रति गुनासो गर्दै विरोधपत्र पठाएका थिए। तिनीहरूले भयभरको शक्ति लगाएर यरुशलेममा हुनुपर्ने काम रोक्न खोजेका थिए भन्ने कुरा हामी चाल पाउँछौं।

यदि यरुशलेमको पुननिर्माण हुन्छ भने त्यसमाथिको प्रभुत्व राजाले गुमाउने छन् भनेर मानिसहरूले दावी गरेका थिए। विगतको इतिहासमा यरुशलेम बागी सहर र दुःख दिने सहर भनेर सधैं प्रख्यात थियो। यहूदीहरू राजाबाट स्वतन्त्र हुनका लागि यरुशलेम निर्माण गर्न लागेका थिए भनेर शत्रुहरूले लेखेको पत्रलाई दुर्भाग्यवस राजा आर्तासास्तले बिश्वास गरे। यहूदीहरूको विद्रोहको सामना राजाले गर्न चाहेका थिएनन्। त्यसकारण त्यो काम गर्न राजाले आदेश दिए। अनि शत्रुदेशका मानिसहरूले सेना पठाएर त्यो काम रोक्न लगाए। तिनीहरूको जबरजस्तीले गर्दा परमेश्वरको काम रोकिन पुग्यो।

**यहूदीहरूले पुननिर्माणको काम किन रोक्नु परेको थियो? परमेश्वरले सो काम गर्न तिनीहरूलाई खटाउनभएको थियो भनेर के तिनीहरूलाई थाहा थिएन र? तर केले गर्दा सो पुननिर्माणको काम रोक्न बाध्य हुनुपर्‍यो? हेर्नुहोस् एज्रा ४:२३,२४ "२३ राजा अर्तासास्तको पत्रको विषयमा सेनापति रेहूम, सचिव शिम्शै र उनीहरूका सहयोगीहरूका सामुन्ने पढ़िसक्ने बित्तिकै उनीहरू यरूशलेममा गए, र यहूदीहरूलाई जबरजस्ती काम रोक्न लगाए। २४ यसरी यरूशलेममा परमप्रभुको भवनको काम रोकियो। फारसका राजा दाराको राजत्वकालको दोस्रो वर्षसम्मै त्यो काम रोकियो।"**

यरुशलेम सहर र मन्दिरको पुननिर्माण गर्न परमेश्वरले नै यहूदीहरूलाई खटाउनुभएको थियो भन्ने कुरा तिनीहरूले स्पष्टरूपमा महसुस गरेका थिए। तर शत्रुहरूको घोर बिरोधको कारण तिनीहरू डराए र काम रोके। सायद तिनीहरूले यो भने होलान्, "काम गर्ने बेला अहिले उपयुक्त नभएको हुनसक्छ" वा "यदि यो काम गर्न परमेश्वरले साँच्चिक्कै चाहनु भएको भए उहाँले बाटो खोलिदिनुहुन्थ्यो," वा "हामी यहाँ आउनु नै पर्ने थिएन।" परमेश्वरले नै खटाउनुभएको काम हो भनेर सुरूमा विश्वास गरेपनि जब त्यस

काममा कुनै किसिमको बाधा आउँछ भने त्यस कामप्रति सशङ्कित हुने र परमेश्वरको अगुवाईप्रति शङ्का गर्ने हाम्रो बानी हुन्छ। हामी भुल भयो भनेर सोझै विश्वास गर्न पुग्छौं। डरले हाम्रो दिमागलाई सिथिल पार्न सक्छ। त्यस परिस्थितिमा हाम्रो ध्यानलाई परमेश्वरको शक्तितिर फर्काउनुको सट्टा हाम्रो सोच निराशा तर्फ मोडिन्छ र काममा कठिनाइ उत्पन्न हुनासाथ हाम्रो जोशजाँगर पनि हराएर जान्छ।

**के तपाईंको जीवनमा यस्तो खालको अनुभव कहिल्यै गर्नुभएको छ? तपाईंलाई थाहा छ कि परमेश्वरले यो काम गर्न खटाउनुभएको हो र जब कठिन परिस्थिति उत्पन्न हुन्छ तब तपाईंको मनमा शङ्काले डेरा जमाउन थाल्छ? (जस्तै, बप्तिस्मा दिने यूहन्नाको बारेमा सोच्नुहोस्। तपाईंले त्यस अनुभवबाट के सिक्नुभयो?**

## ४. नेहमिया सक्रिय हुन्छन् (ई.पू. ४४४)

**यहूदीहरूका बिरोधी शत्रुहरूले मन्दिर बनाउने काममा धेरै बाधा अवरोधहरू खडा गरेर तिनीहरूलाई निराश पार्न खोजेका थिए। तर नेहमियाको नेतृत्वमा यहूदीहरू निडर भएर तिनीहरूको सामना गरेका थिए। तिनीहरू चुपाचाप शत्रुहरूको धम्कीलाई सहेर बसेनन् तर तिनीहरू पनि युद्धको निम्ति तयार भएर बसे। परमेश्वरले तिनीहरूलाई सुरक्षा गर्नुहुन्छ भनेर थाहा पाएतापनि तिनीहरूले सुरक्षाको निम्ति आफू पनि किन तयार भएर बसे? हेर्नुहोस्, नेहमिया ४ "१ जब हामीले पर्खालको पुनर्निर्माण गरिरहेका कुरा सन्बलतले सुने तब उनी साह्रै क्रोधित भए। रीसको झोंकमा उनले यहूदीहरूलाई खिसी गरेर २ आफ्ना सहयोगीहरू र सामरियाका फौजको सामुन्ने यसो भने, "यी निर्बल यहूदीहरू के गर्दैछन्? के तिनीहरूले आफ्नो पर्खालको पुनर्निर्माण गर्नेछन्? के तिनीहरूले बलिदान चढ़ाउनेछन्? के तिनीहरू यो काम एकै दिनमा सिद्ध्याउँछन्? कसिङ्गरका थुप्राबाट ती जलिसकेका ढुङ्गाहरू के तिनीहरूले पुनर्जीवित पार्न सक्छन् र?" ३ उनको छेउमा उभिरहने अम्मोनी तोबियाले भने, "तिनीहरूले जेसुकै बनाइरहे तापनि एउटा स्याल ढुङ्गाको त्यस पर्खालमा चढ्यो भने, त्यो भत्किनेछ।" ४ हे हाम्रा परमेश्वर, हाम्रो प्रार्थना सुन्नुहोस्। किनभने उनीहरूले त हाम्रो अपमान गरिरहेका छन्। उनीहरूको गिल्ला उनीहरूकै शिरमाथि फर्काइदिनुहोस्, र कैदको देशमा उनीहरूलाई लूटको रूपमा दिनुहोस्। ५ उनीहरूको अपराध ढाक्नुहोस्, अथवा आफ्नो दृष्टिबाट उनीहरूका पाप नहटाउनुहोस्, किनभने निर्माण गर्नेहरूलाई उनीहरूले खुल्लम-खुल्ला निन्दा गरेका छन्। ६ यसरी हामीले त्यसको आधा उचाइसम्म चारैतिर पर्खाल बनायौं,**

किनकि मानिसहरूले तनमन दिएर काम गरे। ७ तर जब सन्बलत, तोबिया,
अरबीहरू, अम्मोनीहरू र अश्दोदीहरूले यरूशलेमका पर्खालको नयाँ कामको खूब
प्रगति भएको छ र प्वालहरू पनि पुरिँदैछन् भनी सुने तब उनीहरू साह्रै रिसाए।
८ अनि उनीहरू सबै आएर यरूशलेमलाई आक्रमण गरी खलबल पार्न भेला हुने
मतो गरे। ९ तर हामीले हाम्रा परमेश्वरको प्रार्थना गऱ्यौं, र रातदिन उनीहरूका
विरुद्धमा पहरा राख्यौं। १० यसै बीचमा यहूदाका मानिसहरूले भने,
"मजदूरहरूको बल घट्दैजाँदैछ, र कसिङ्गरहरू थुप्रै छन्। हामी आफैले कहिल्यै
यस पर्खालको पुनर्निर्माण गर्न सक्नेछैनौं।" ११ हाम्रा विरोधीहरूले पनि भने,
"तिनीहरूले चाल पाउन वा देख्न अघि नै हामी तिनीहरूमाथि जाइलागेर
तिनीहरूलाई मारिदिनेछौं र यस कामलाई खतम पारिदिनेछौं।" १२ तब
उनीहरूका बीचमा बस्ने यहूदीहरू आए, र तिनीहरूले हामीलाई दशौं पल्ट यसो
भनेर चेताउनी दिए, "तपाईंहरू जता फर्कनुभए पनि हरेक ठाउँबाट उनीहरूले
हामीलाई आक्रमण गर्नेछन्।" १३ त्यसैले पर्खालको पछाड़ि खुला भएका
सबैभन्दा तल्ला समतल ठाउँहरूमा अड्डा जमाउन भनी मैले मानिसहरूलाई
तिनीहरूका परिवार-परिवारअनुसार आफ्ना तरवार, भाला र धनुर्बाण लिएर बस्ने
आदेश दिएँ। १४ तब उठेर मैले ती सबको निरीक्षण गरें, र भारदारहरू,
अधिकृतहरू र सबै मानिसहरूलाई यसो भनें, "उनीहरूसँग नडराओ। महान् र
भययोग्य परमप्रभुको सम्झना गर, र आफ्ना दाजुभाइ, छोराछोरी, पत्नी र
घरहरूका निम्ति युद्ध गर।" १५ हामीलाई सबै कुरा थाहा भएछ, र परमेश्वरले
उनीहरूको योजना विफल पार्नुभएछ भनी हाम्रा शत्रुहरूले सुने। तब हामी सबै
फेरि पर्खालका निर्माणको काममा लाग्यौं। १६ त्यस दिनदेखि उसो मेरो
अधीनमा भएका आधा मानिसहरूचाहिँ निर्माण गर्ने काममा लागे र अर्को
आधाचाहिँ आफ्ना भाला, ढाल, धनु र झिलम लाएर तयार भइरहे। र
अधिकृतहरूचाहिँ पर्खालको काममा लागेका यहूदाका सबै मानिसहरूका पछाड़ि
तैनाथ थिए। १७ भारी बोक्ने मजदूरहरूको एउटा हात काममा र अर्को हात
आफ्नो हतियारमा हुन्थ्यो। १८ र निर्माण गर्नेहरू आफ्नो तरवार भिरेर बनाउने
काम गर्थे। तर तुरही फुक्नेचाहिँ मेरो छेउमा थियो। १९ तब मैले भारदारहरू,
अधिकृतहरू र सबै मानिसहरूलाई यसो भनें, "काम ठूलो र फैलिएको छ, र
हामीहरू पर्खालको छेउमा एक-अर्कादेखि निकै टाढ़ा छौं। २० जहाँ तुरही
बज्छ त्यहाँ हामीसित भेला होओ, र हाम्रा परमेश्वरले हाम्रा निम्ति युद्ध
गर्नुहुनेछ।" २१ यसरी हामीले हाम्रो काम जारी राख्यौं। सूर्योदयदेखि
सूर्यास्तसम्म आधा मानिसहरू भाला लिएर बसे। २२ त्यस बेला मैले

**मानिसहरूलाई यसो पनि भनें, "हाम्रा निम्ति राती रक्षा गर्न र दिनमा निर्माण काम गर्नलाई हरेक मानिस र त्यसको सहायकले यरूशलेममा नै रात बिताओस्" २३ म, मेरा भाइहरू, मेरा मानिसहरू र मसँग भएका अङ्गरक्षकहरू कसैले पनि आफ्ना लुगा फुकालेनौं। पानी खान जाँदा पनि हरेकको हातमा आफ्नो हतियार हुन्थ्यो।"**

सुरूदेखि काम नसिद्धिउँञ्जेल मानिसहरूले फेरि काम गर्न सुरू गरे। यहूदीहरूले प्रार्थना गरे। नेहमियाले अत्यन्तै सक्रिय सुरक्षा फौज खडा गरे। दिन रात पालै पालो गरेर मानिसहरूले काम गरे। यदि कसैले आक्रमण गरे तिनीहरूसँग भिंड्न पनि ती यहूदीहरू तयार भएर बसेका थिए। पर्खालको वरिपरि अस्त्रले सुसज्जित पारेर मानिसहरूलाई नेहमियाले राखेका थिए। कुनै बेला कसैले आक्रमण गर्छन् कि भनेर तिनीहरूले चनाखो भएर पहरा दिए। नेहमियाले दुई समूह मानिसहरू खडा गरे। एक समूह काम गर्न र अर्को समूहलाई लडाइँ गर्न कम्मर कसेर बसाएका थिए। पर्खाल निर्माण गर्नेहरूको निम्ति विशेष प्रवन्ध उनले मिलाएका थिए। शत्रुहरूको खतरा नजिकै भएकोले प्रत्येक व्यक्तिलाई एउटा हातमा तरवार भिडाएका थिए भने अर्को हातमा ढुँङ्गा र मसलाहरू थमाएर काम गराएका थिए। विरोधीहरूको आक्रमणको निम्ति तिनीहरू सदैब तयार भएर बसेका थिए। तिनीहरूले आफ्नो भाग खोल्दा परमेश्वरले बाँकी भूमिको भाग खोल्नुहुन्थ्यो। परमेश्वरको सुरक्षाको बारेमा नेहमियामा भएको विश्वास प्रेरणादायी थियो। तर परमेश्वरको काम गर्दैछु त्यसैले उहाँले सबै थोक गर्नुहुन्छ भनेर उनी कुर्सीमा चुप लागेर बसेनन्। तिनीहरूमा भएका दक्षतालाई तिनीहरूले सक्दो प्रयोग गरे।

यहाँ प्रस्तुत गरिएको दुई महत्त्वपूर्ण वाक्यहरू सोचनीय छन्, "तिनीहरूसँग नडराऊ। परमेश्वरलाई सम्झ, उहाँ कति महान र भययोग्य हुनुहुन्छ, तिम्रा दाजुभाइ, तिम्रा छोराछोरीहरू, तिम्रा श्रीमतीहरू र तिम्रा घरहरूको निम्ति लडाइँ गर्न तयार होऊ" (नेहमिया ४:१३,१४ रूपान्तरित) र "हाम्रो परमेश्वर हाम्रो निम्ति लडाइँ गर्नुहुनेछ" नेहमिया ४:१९,२० रूपान्तरित)। यी दुई अभिव्यक्तिहरू बाइबलमा भएका अरू धेरै प्रेरणादायी अभिव्यक्तिहरूमध्ये अत्यन्तै प्रेरणादायी छन्।

विरोधीहरूको निरन्तर दवावको कारण यहूदीहरूले फेरि काम रोक्न सक्थ्ये। तर त्यसबखत विरोधीहरूको आतङ्कको त्रासले तिनीहरूलाई छोप्नुभन्दा अघि तिनीहरूले परमेश्वरको प्रतिज्ञालाई पकडि राखे। तिनीहरूको निम्ति परमेश्वरले नै लडाइँ गर्नुहुनेछ भन्ने वचनलाई तिनीहरूले आत्मसात्

गरिराखे। जब हामी परमेश्वरको नाउँको महिमाको निम्ति अघि बढ्छौं, तब हाम्रो विश्वासमा कसैले चुनौती दिएपनि र उहाँले खटाउनुभएको काममा हामी लागिरहेकाछौं भन्ने कुरामा हामी स्पष्ट छौं भने "हाम्रो निम्ति परमेश्वरले लडाईं गर्नुहुनेछ" भन्ने कुरालाई हामीले सधैं सम्झिरहनुपर्छ।

अन्तमा तिनीहरू जे गर्दै थिए परमेश्वर तिनीहरूको साथमा हुनुहुन्थ्यो भन्ने कुरालाई यहूदीहरूले महसुस गरे। जसले गर्दा जोश र उत्साहको साथ तिनीहरूले कामलाई अघि बढाएका थिए।

**तपाईं जे गर्दै हुनुहुन्छ त्यो काम परमेश्वरकै इच्छा अनुसार गरिरहनुभएको छ भनेर थाहा पाउन किन जरुरी छ? अझ समसामयिक र सान्दर्भिक प्रश्न त यो छ, "म जे गर्दैछु सो मैले परमेश्वरको चाहना अनुसार नै गरिरहेको छु" भनेर हामीले कसरी थाहा पाउने?**

## ५. हामी "ठूलो योजना" सम्पन्न गर्दैछौं

**यरुशलेममा आफूले जे गर्दै थिए त्यो काम "ठूलो योजना" अनुसार कै हो भनेर नेहमियालाई कसरी यकिन हुन्छ (नेहमिया ६:३)? उनले गरेका कामलाई रोक्न बिरोधीहरूले कतिको प्रयास गरे? हेर्नुहोस् नेहमिया ६ "१ मैले पर्खालको पुनर्निर्माण गरिसकेको र त्यसमा एउटै पनि प्वाल नरहेको खबर सन्बलत, तोबिया, र अरबी गेशेम र हाम्रा अरू बाँकी शत्रुहरूका कानमा पुग्यो। केवल मैले मूल ढोकाहरूका खापाहरूचाहिँ उभ्याइसकेको थिइनँ। २ सन्बलत र गेशेमले मलाई ओनोका बेंसीको एउटा गाउँमा आएर उनीहरूसित बातचीत गर्नलाई खबर पठाए। तर मलाई हानि गर्न यो उनीहरूको षड्यन्त्र मात्र थियो। ३ यसैकारण मैले यस्तो जवाफ दिएर समाचार पठाएँ, "अहिले मेरो हातमा ठूलो योजना छ। म त्यहाँ आउन सक्दिनँ। काम छोड़ी तिमीहरूकहाँ आएर यो काम किन रोकिने?" ४ उनीहरूले मलाई चार पल्ट यस्तै खबर पठाए, र हरेक पल्ट मैले उनीहरूलाई त्यस्तै जवाफ दिएँ। ५ पाँचौं पल्ट सन्बलतले आफ्नो सहायकसित त्यस्तै किसिमको खबर पठाए। त्यो समाचारवाहक खुला पत्र लिएर मकहाँ आयो। ६ त्यसमा यस्तो लेखिएको थियो: "जातिहरूका बीचमा यस्तो कुरा फैलिएको छ, र यस कुरालाई गेशेमले पनि पुष्टि गर्दछन्, कि तिमी र यहूदीहरूले विद्रोहको षड्यन्त्र रच्दैछौ, यसैकारण त तिमीहरूले पर्खाल पुनर्निर्माण गरिरहेका छौ। अनि यस्तो पनि सुनिँदैछ, कि तिमी आफैचाहिँ राजा हुन लागेका छौ। ७ र तिमीले आफ्नो विषयमा यरूशलेममा यही घोषणा गर्न अगमवक्ताहरू नियुक्त गरेका छौः 'यहूदामा राजा छन्'। महाराजाले निश्चय नै यो कुरा सुन्नुहुनेछ। यसैले झट्टै यस विषयमा कुरा गर्न आऊ, र हामी कुरा गरौं।" ८**

तर मैले यस्तो जवाफ पठाएँ, "तिमीले दोष लगाएको कुनै पनि कुरो साँचो छैन। यी सबै मन गड़न्ते कुरा हुन्।" ९ हाम्रा परिश्रम गर्ने हातहरू दुर्बल होऊन् र हाम्रो काम कहिल्यै नसिद्धिओस् भन्ने आशाले उनीहरूले हामीलाई घुर्की दिने चेष्टा गर्दैथिए। तर मैले प्रार्थना गरें, "अब हे परमेश्वर, मेरा हात बलिया पार्नुहोस्।" १० एक दिन म दलायाहका छोरा, महेतबेलका नाति शमायाहको घरमा गएँ। तिनी आफ्नो घरभित्रै बन्द गरिएका थिए। तिनले भने, "हामी परमेश्वरको भवनभित्र, उहाँको मन्दिरभित्र ढोकाहरू थुनेर भेट गरौं। किनभने उनीहरू तपाईंलाई मार्न आउँदैछन्– उनीहरू तपाईंलाई मार्न राती आउनेछन्।" ११ तर मैले भनें, "के मजस्तो मानिस भाग्नु र? के मजस्तो मानिस बाँच्नलाई मन्दिरमा जानु र? म जान्नँ।" १२ मलाई यस्तो प्रकाश भयो, कि परमेश्वरले तिनलाई पठाउनुभएको होइन रहेछ, तर मेरो हानि गर्न तिनले अगमवाणी कहेका रहेछन्। सन्बलत र तोबियाले तिनलाई यो कुरा भन्न भाड़ामा लिएका थिए। १३ मेरो बदनाम गरेर अपमान गर्न मलाई धम्की दिएर उनीहरूको कुरामा सहमत भई पाप गर्न लाउनलाई तिनले रकम लिएका थिए। १४ हे मेरा परमेश्वर, तोबिया र सन्बलतले जे गरेका छन् सो सम्झना राख्नुहोस्। साथै मलाई डर देखाउने चेष्टा गरिरहने अगमवादिनी नोअदिया र अरू बाँकी अगमवक्ताहरूलाई पनि सम्झना राख्नुहोस्। १५ एलूल महिनाको पच्चीसौं दिनमा पर्खालको काम सिद्धियो। त्यो बनाउन बाउन्न दिन लाग्यो। १६ जब हाम्रा सबै शत्रुहरूले यो कुरा सुने, तब वरिपरिका सबै जातिहरू डराएर हतोत्साहित भए, किनकि यो काम परमेश्वरको सहायताद्वारा पूरा भएको हो भनी उनीहरूले चाल पाए। १७ त्यस बेला यहूदाका भारदारहरूले तोबियालाई धेरै पत्र पठाउँदैथिए। तिनीहरूले उनीबाट जवाफ पनि पाउँदैथिए। १८ किनभने यहूदाका धेरै जनाले उनीसित गठ बाँधेका थिए, किनकि उनी आराका छोरा शकन्याहका जुवाइँ थिए। उनका छोरा येहोहाननले चाहिँ बेरेक्याहका छोरा मशुल्लामकी एउटी छोरीलाई विवाह गरेका थिए। १९ तिनीहरू सधैं मेरो सामु तोबियाको प्रशंसा गर्थे, र मैले भनेको कुरा गएर उनलाई सुनाउँथे। अनि तोबियाले मलाई धम्की दिएर पत्रहरू पठाउँथे।"

नेहमियाको हत्या गर्न शत्रुहरूले धेरै प्रयास गरेका थिए भनेर नेहमिया अध्याय ६ले खुलासा गर्दछ। छल गर्ने निहुँमा सन्बलात र गेशेमले नेहमियालाई धेरै पत्रहरू पठाएर निम्त्याएका थिए। तर भेटेर छलफल गर्ने भन्ने कार्यक्रम ओनोले राखेका थिए जो यहूदाको शत्रु देशका मानिस थिए। जबसम्म पर्खालको निर्माण कार्य सकिएर पर्खालाका ढोकाहरू बन्द भएनन् तब

सम्म नेहमियालाई फसाउने अनेकौं खडयन्त्रहरू सान्बालात, तोबिया र गेशेमले गरिरहेका थिए। यहूदीहरूको काम रोक्न तिनीहरूले कुनै पनि अवसर गुमाउन चाहेनन्। पर्सियाका राजाबाट सुरक्षित भएको कारणले यहूदीहरूलाई शत्रुहरूले आमनेसामनेको लडाइँमा जित्न सक्दैनथे। तर तिनीहरूले अगुवालाई पन्छाउन सकेको खण्डमा पर्खाल बनाउने काम रोकिन्थ्यो सायद त्यो पर्खाल कहिल्यैं पनि बनिने थिएन होला। त्यसकारण विरोधीहरूले नेहमियालाई धरापमा पार्ने कुनै पनि कसुर बाँकी राखेनन्। शत्रुहरूको पत्रहरू नेहमियाले पाएतापनि उनले त्यसको जवाफ दिएका थिएनन्। तैपनि तिनीहरूले पत्र पठाइ नै रहे। बारम्बार शत्रुहरूको मुकाबिला गर्नुपर्दा नेहमियालाई दिक्क लागेको हुनसक्छ। अन्तमा आएर नेहमियाले जवाफ दिए "म ठूलो योजना सम्पन्न गर्दैछु" (नेहमिया ६:३)।

संसारको नीति अनुसार राजालाई पेय पदार्थ पिलाउने काम अत्यन्तै सम्माननीय र प्रतिष्ठाको काम थियो। सम्राटको सल्लाहकार हुनु भनेको त्यस देशको कार्यभारमा उच्च स्थान ओगट्नु सरह थियो। तर संसारको सामु कुनै अर्थ नभएको वा महत्त्व नभएको तर ध्वस्त भएको सहरको निर्माण? त्यसलाई उनले ठूलो योजना भनेर सम्बोधन गर्नु कतिको महत्त्वपूर्ण छ? परमेश्वरको लागि गरिने काम ठूलो हुन्छ भनेर नेहमियाले भन्दछन्। यरुशलेम सहरले परमेश्वरको नाउँ आदरणीय हुने भएकोले त्यो सहर निर्माण गर्नु अत्यन्तै महत्त्वपूर्ण भएको नेहमियाले महसुस गरेका थिए।

जब परमेश्वरले पवित्र मन्दिरमा हुने विधिहरूको स्थापना गर्नुभयो तब उहाँले पुजारी प्रथाको पनि स्थापना गर्नुभएको थियो। मन्दिरलाई पवित्र राख्न र त्यो मन्दिर बिशेष हो भनेर मानिसहरूको दिमागमा घुसाइ राख्ने काम पुजारीको थियो। मन्दिरभित्र गरिने विधिहरू केवल पुजारी बाहेक अरू कसैले पनि गर्न नहुने परमेश्वरको योजना थियो। हामी आफैले परमेश्वरको पवित्रतालाई त्यसै सजिलैसँग देख्न सक्दैनौं वा अनुभव गर्न सक्दैनौं। परमेश्वरकहाँ श्रद्धापूर्वक आउन उहाँले इस्राएलीहरूको निम्ति प्रावधान बनाउनुभएको थियो। मन्दिरको परिसर सबैको निम्ति हो भनेर नेहमियालाई थाहा थियो। तर भित्री पवित्र भाग सबैको निम्ति होइन भनेर उनलाई थाहा थियो। यहूदी पुजारी नभइकन पवित्र मन्दिरको भित्री पवित्र कोठामा नेहमियालाई बोलाएर कुरा गर्ने प्रस्ताबबाट उनी झुठो अगमवक्ता थिए भन्ने देखाएको थियो। परमेश्वरको आदेश विरुद्ध ऊ गएको थियो भनेर मात्र होईन ऊ विश्वासघाती नै थियो भनेर पनि प्रमाणित गरिएको थियो।

**वर्तमान संसारमा परमेश्वरको पवित्र मन्दिर छैन तैपनि उहाँ पवित्र हुनुहुन्छ भन्ने महसुसलाई हामीले कसरी जीवितै राख्ने? हाम्रो पाप स्वभावको बिपरीत परमेश्वर कतिको पवित्र हुनुहुन्छ भनेर महसुस गर्न सकियो भने त्यसले हामीलाई क्रुसको छेऊमा जान कसरी अग्रसर गराउँछ?**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित, प्रोफेटस एण्ड किङ्गस, पृ. ६३५-६६०का लेखहरूः "द बिल्डरस् अन द वाल," "अ रिब्युक अगेन्स्ट इक्स्टोरशन," र "हेल्थी प्लटस।"

"साथीको भेषमा खुलारूपमा शत्रु बनेका मानिसहरूले नेहमिया र उनको अरू निर्माणकर्ताहरूलाई तिनीहरूको बिरोध गरि निराश पार्न खोजेका थिए। यस्तो खालको अनुभव परमेश्वरको काम गर्नेहरूले आज पनि भोग्नुपर्ने विषय हो भनेर मान्नु जरुरी छ। येशूभक्तहरूमाथि शत्रुहरूले तिनीहरूको रिस, तिरस्कार र निर्दयी व्यवहारमात्र खनाएनन् तर साथी भनेर विश्वस्त पार्ने र सहयोगीको खोल लगाएका मानिसहरूले तिनीहरूप्रति डाँह र ईर्ष्या देखाउनु, तिनीहरूको वचन र काममा अनियमता देखाउनु, चिसो र षडयन्त्रपूर्ण व्यवहारगर्नुलाई अनौठो मान्नु पर्ने कुनै आवश्यकता छैन।"-एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्गस, पृ. ६४४बाट रूपान्तरित।

"परमेश्वरको काममा कटिवद्ध भएर समर्पित भएको र उहाँमाथि दृढ भरोसा राखेको कारणले नै नेहमियाका शत्रुहरूले जतिसुकै बल लगाएपनि उनलाई असफल पार्न सकेका थिएनन्। जो मानिस परमेश्वरको काममा अल्छि गर्छ ऊ परीक्षा र प्रलोभनको शिकारमा सजिलैसँग फस्न सक्छ, तर जुन मानिसको जीवनमा आदर्श लक्ष्य हुन्छ, परमेश्वरको काममा तल्लीन हुन्छ त्यो मानिसमा खराब तत्वले कमै ठाउँ पाउन सक्दछ। जो मानिस परमेश्वरप्रतिको विश्वास र उहाँको काममा निरन्तररुपमा अघि बढ्छ त्यो कमजोर हुँदैन, किनभने उसले सर्वत्ररूपमा परमेश्वरको अद्वित्तीय र अनन्तको प्रेम उसमाथि भएको उसले अनुभव गर्दछ र उहाँको काम सम्पन्न गर्न ऊद्वारा उहाँले काम गरिरहनुभएको उसले स्वीकार्दछ। परमेश्वरको कामको निम्ति प्रतिवद्ध भएर चल्ने उहाँका सच्चा सेवकहरू असफल हुँदैनन् किनभने तिनीहरूको निम्ति अनुग्रहको सिंहासन निरन्तररुपमा भर पर्ने थलो भइरहेको हुन्छ।"-एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्गस, पृ. ६६०बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. तपाईंले आफूलाई यरुबाबेल र येशुवाको ठाउँमा राख्नुहोस्। जब शत्रु अगुवाहरूले तपाईंलाई सहयोग गर्छु भनेर साथीको छद्म रुप लिएर आए भने तपाईंले कस्तो अनुभव गर्नुहुन्थ्यो होला? जब हामी यथार्थलाई फर्केर हेर्छौं वास्तवमा शत्रुहरूको अनुरोधलाई नस्वीकार्नु तिनीहरूले ठिकै काम गरेका थिए भनेर हामी जान्दछौं। हामी एडभेन्टिस्ट भएको हैसियतले हाम्रो विश्वासको साथमा नलाग्नेहरूसँग मिलेर काम गर्ने वा नमिल्ने कसरी निर्णयमा पुग्ने? हामी परमेश्वरलाई विश्वास नगर्नेहरूको समाजमा बाँचिरहेका छौं। तिनीहरूसँग मिलेर काम गर्नु ठिक वा बेठिक कसरी थाहा पाउने? त्यसको निम्ति हाम्रो मापदण्ड के हो?

आ. संसारका चालचलनहरूसँग सम्झौता गरेर हाम्रो विश्वासलाई कसरी जोखिममा पार्दछौं भन्ने कुरा बाइबलमा भएको इतिहासले जतातत<br>ै हामीलाई देखाउँदछ। पौराणिक इस्राएलको इतिहासदेखि बेबिलोनमा युद्धबन्दी भएर जानुपर्ने समयसम्मको विवरणले परमेश्वरलाई विश्वास नगर्नेहरूसँग सम्झौता गर्दा के हुनेरहेछ भन्ने प्रभावकारी उदाहरण हामी छर्लङ्गै देख्दछौं। फेरि धर्मको नाउँमा अतिवादी भएर कसैसँग नमिल्नु पनि कतिको खतरा हुदो रहेछ भनेर हामी कसरी थाहा पाउँछौं? जब येशूलाई साबथ पालन नगर्ने भनेर दोष लगाए (यूहन्ना ९:१४-१६) तब ती दोष लगाउनेहरू अतिवादी भएका थिएनन् र? आत्मिक जीवनमा सच्चा परमेश्वरको स्वभाव देखाउने शन्तुलन कसरी राख्ने?

### कथा ४

## परमेश्वरको निम्ति काम गर्ने कर्मचारीहरूको लागि पैसा

### होराशियो रिज्जो



हाम्रो योजना अत्यन्तै ठूलो वा महत्वाकांक्षी थियोः सुसमाचार नपुगेका देशहरूमा २५ जना दक्षिण अमेरिकाबाट स्वयंसेवक दम्पत्तीहरू पठाउने हाम्रो योजना थियो।

दक्षिण अमेरिका डिभिजनको अध्यक्ष इर्टोन कोहलरले "मिसिनेरिज टु द वर्ल्ड" कार्यपत्र दक्षिण अमेरिका ब्राजिलको राजधानी ब्रासिलियामा रहेको चर्चको मुख्यालयमा प्रस्तुत गर्दै थिए। त्यसबेला दक्षिण अमेरिका भरिका ८० जना सेभेन्थ-डे एडभेन्टिस्ट अगुवाहरू सहभागी भएका थिए। यो सन् २०१४को कुरो हो। त्यो कार्यपत्र मैले अत्यन्तै चासो मानेर सुनिरहें।

विशेष गरेर मध्यपूर्व एशियाका चर्चहरूले सामना गरिरहेका चुनौतिहरूको बारेमा पास्टर कोहलरले सुनाए। त्यहाँ मानवीय र आर्थिक स्रोतको अभाव भएको पनि उनले वताए। हाम्रो डिभिजनले २५ जना विवाहित दम्पत्तीहरूलाई त्यहाँ पठाउन सक्छ। तिनीहरूलाई पाँच वर्षसम्म चाहिने सबै खर्च हाम्रो डिभिजनले बेहोर्न सक्छ भनेर पनि उनले सुनाए। तिनीहरूलाई चाहिने घर खर्च, जानआउने खर्च र बीमाको निम्ति पनि दक्षिण अमेरिका सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले जिम्मेवारी लिन सक्छ भन्ने उनको जिकिर थियो। सुरूमा चाहिने आर्थिक सहयोगको निम्ति उनले हामीसँग अनुरोध गरे। त्यहाँ भेला भएका हामीहरू कुनै न कुनै कन्फरेन्स वा चर्चको निकायका अध्यक्ष थियौं। म सेन्ट्रल वेस्ट अर्जेटिना मिसनको अध्यक्ष थिएँ। हाम्रो क्षेत्र सानो थियो र हामीसँग थोरैमात्र पैसा थियो। हाम्रो खर्चको निम्ति हामीले अर्जेन्टिना युनियन कन्फरेन्समा भर पर्नुपरेको थियो।

हम्रो चर्चको सदस्यहरूको आधारमा आर्थिक सहयोग जुटाउन प्रयास गरियोस भनेर पास्टर कोहलरले सुझाव दिए।

तर सबै कन्फरेन्स र मिसन निकायहरू आर्थिक रूपमा सम्पन्न भएका छैनन् भनेर मैले सोचें। फेरि चर्चमा नियमितरूपमा आउने आधिकारिक सदस्यहरू र कहिलेकाहीँमात्र आउने सदस्यहरूमा भएका भिन्नता पनि समस्या कै रूपमा थिए। कसैले मेरो मिसनमा १०,००० चर्चका सदस्यहरू छन् भनेर

आँकडामा भनिएतापनि केवल ५,००० मात्रै नियमितरुपमा प्रत्येक साबथमा चर्च जान्छन्।

स्वयंसेवकहरूलाई पठाउने प्रस्तावमा मैले पनि प्रतिज्ञा गर्नुपरेको थियो। मेरो मुटु ढुकढुक भयो। हामीसँग भएका चर्चका सदस्यहरूको अनुपातमा बजेट निकै कम थियो। तर ती सदस्यहरूकै आधारमा मैले प्रतिज्ञा गर्नुपरेको थियो। त्यसको अर्थ हामीमा हुने आयव्ययले धान्नै नसक्ने गरि मैले ठूलो प्रतिज्ञा गर्नुपरेको थियो। हामीले बेहोर्न सक्छौं कि सक्दैनौं भनेर सोध्न हाम्रा खजाँञ्ची पनि म सँग थिएनन्। त्यो निर्णय म आफैले गर्न सकेको थिइँन। तैपनि मैले प्रार्थना गरैं र हाम्रो चर्चको जनसंख्या १०,००० को अनुपातमा सहयोग गर्ने बचन दिएँ। अनि मैले खजाञ्चीलाई एसएमएस गरैं " के गर्ने हामीले हाम्रो भाग अनुसार खर्च बेहोर्नै पर्छ।" "हुन्छ" भनेर उनले तुरून्तै खबर पठाए। त्यस आयोजनामा उनले पनि साथ दिन चाहेका थिए।

दुई हप्ता पछि मेरो अफिसमा मलाई आश्चर्य चकित पार्ने कुरोले मलाई पर्खिरहेको थियो। एक जना चर्चको सदस्यले नसोचेकै बेलामा केही जग्गाजमीन बेचे र उनले दशांसको ठूलो राशि चर्चमा बुझाए। त्यो दशांस डिभिजनले मिसिनेरी कामको सुरूको निम्ति मागेको भन्दा तिन गुणा बढी थियो।

जसले दशांस दिए उसैले पहिला धेरै फाइदा उठाए भन्ने कुरामा म विश्वस्त छु। दक्षिण अमेरिकी डिभिजनले सुरु गरेको सुसमाचार सुनाउने महत्वाकाँक्षी आयोजनाबाट ल्याएको आशिष सबभन्दा धेरै सेन्ट्रल अर्जेन्टिना मिसनका चर्चका सदस्यहरूले पाए भनेर म दावी गर्न चाहन्छु।

*होरेशिओ रिजोले सेन्ट्रल वेस्ट अर्जेन्टाईन मिसनको अध्यक्ष भएर तिन वर्ष काम गरेका थिए। अनि सन् २०१६मा उनी अर्जेन्टिनाको रिभर प्लेट युनिभर्सिटीको अध्यक्षमा नियुक्त भएका थिए। सो विश्वविद्यालयबाट ग्राजुयट भएका तिन जना दम्पत्तीहरू विदेशमा परमेश्वरको निम्ति स्वयं सेवक भएर काम गरिरहेका छन्।*